# बेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

१ नं प्रदेश, नेपाल

मिति : २०७५/०९/०४

पत्र संख्याः ०७५/०७६

चलानी नं. : ३५

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर प्रदेश नं. १, उदयपुर २०७३

**विषयः विवरण उपलब्ध गराउने ताकेता सम्बन्धमा।**

श्री ९ वटै वडा कार्यालय, बेलका नगरपालिका, उदयपुर

प्रस्तुत विषयमा यस कार्यालयकले त्यस वडामा गत आर्थिक वर्ष २०७४/७५ को राजश्व नगदी रसिद के कति प्राप्त भए र सो बापत कति रकम बैंक दाखिला भयो, बाँकी नगदी रसिदको अवस्था के छ, लगायत विवरण मिति २०७५ पुस १ मा बेलका नगरपालिकाको कार्यालयमा उपलब्ध गराई दिनु भनिएकोमा हालसम्म पनि उपलब्ध भएको छैन । जसले गर्दा बेलका गरपालिकाको बार्षिक रिपोर्ट तयारीमा समस्या आई आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण कार्यमा समेत गम्भिर असर पर्ने देखिएको छ । यसबाट नगरपालिकाको तथा सम्बन्धीत राजश्व रसिद बुझ्ने कर्मचारीको नाममा ठुलो मात्रामा बेरुजु आउन सक्ने स्थिती देखा परेको छ। तसर्थ यस अघि माग गरिएका गत आर्थिक वर्ष २०७४/७५ को राजश्व सम्बन्धी विवरण उपलब्ध गराउन पुनः ताकेता गरिन्छ ।

साथै साविकका गा.वि.स.मा गत आर्थिक वर्षमा के कति रकम मौज्दात रहेको थियो त्यस मध्ये कति रकम बैंक दाखिला भयो सो समयमा रहनु भएको सम्बन्धित सचिव ज्यूलाई सम्पर्क गरि सो को विवरण समेत उपलब्ध गराई दिनु हुन।

बारम्बार ताकेता गर्दा समेत उपरोक्त अनुसारको विवरण प्राप्त नगएकाले यो पत्र लेखिएको छ । अव पनि प्राप्त नभएमा सम्बन्धित कर्मचारी जवाफदेहि हुनु पर्ने भएकोले मिति २०७५ पुस ८ भित्र अनिवार्य यस कार्यालयको आर्थिक प्रशासन शाखामा उक्त विवरण उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

..............................

पुष्कर भट्टराई

प्रमुख प्रशासकिय अधिकृत

पुष्कर भट्टराई

प्रमुख प्रसासकिय अधिकृत